# नियमावली

द्रष्टव्य :- कम्पनी कानून बमोजिम ... कानूनमा प्रतिकूल ... प्रदान गरिएको ।

## काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडको

(कम्पनी ऐन बमोजिम शेयरधनीको दायित्व सिमित हुने गरी संस्थापित)

## नियमावली

१. **कम्पनीको नाम :**
यस कम्पनीको नाम "काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड" रहनेछ । ~~कम्पनीलाई अंग्रजीमा "काठमाण्डौं भ्याली वाटर लिमिटेड (Kathmandu Valley Water Limited - KVWL)" भनिनेछ ।~~ KATHMANDU UPATAKA KHANEPANI LIMITED

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगना :**
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा रहनेछ ।

३. **कम्पनीको उद्देश्य :**
यस कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनु पर्ने सूचना सम्बन्धी कुराहरु :**

(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम बार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोवार गर्ने स्वीकृति पाएको मितिले एक बर्षभित्रमा गरिनेछ र त्यस पछिका बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको साधारण सभा गर्नको लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको निर्णय अनुसार बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीहरुलाई सुचना दिइनेछ ।

(४) उपनियम (३) बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले कम्पनी छाडी सम्पर्क विहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबू वाहिरको परिस्थितिले निजले सञ्चालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी

वस्ने सञ्चालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित सञ्चालक र शेयरधनीहरुले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम बोलाईएको साधारण सभामा नियम ५ बमोजिम गणपुरक संख्या नपुगको कारणले सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुन : साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वक सूचना दिएको मानिनेछ ।

५. गणपूरक संख्या ;

(१) बाँडफाँड भएको कूल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगेको कारणले सभा हुन नसकी दोश्रो पटक सभा बोलाईएकोमा ३३% शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीनजना शेयरधनी स्वयम् वा प्रतिनिधिद्वारा उपस्थित भएमा पनि साधारण सभा गर्न सकिने छ ।

६. साधारण सभाको कार्यविधि :

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभा शुरु हुनुअघि सभाको बैधता बारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको एकिन गरिनेछ ।

(४) गणपूरक संख्या पुगेको पाइएमा सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछ।

(५) सभाको विषय सूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(६) सभामा अध्यक्षले तोकेबमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालो संग बोल्ने गरी छलफलमा भाग लिने छन् ।

(७) सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णयक हुनेछ ।

(८) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बाँकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात

दिन भित्र लगतै बस्न सक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वत: समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।

(९) साधारण सभामा पेश नभएको प्रस्ताव उपर निर्णय गर्न पाइने छैन ।

तर साधारण सभामा उपस्थित सबै शेयरधनीहरुबीच सहमति भई कुनै विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

७. विशेष साधारण सभा :

(१) प्रचलित कम्पनी कानून बमोजिम विशेष साधारण सभा बोलाउनु पर्ने अवस्था परेमा वा संचालक समितिले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी निर्णय गरेमा कम्पनीको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु बार्षिक साधारण सभा सरह हुनेछ ।

८. सञ्चालकको संख्या र कार्यकाल :

(१) सञ्चालकहरुको नियुक्ति/निर्वाचन बार्षिक साधारण सभाबाट हुनेछ ।

तर नेपाल सरकार वा संगठित संस्थाले शेयर लिएकोमा सो संगठित संस्थाले लिएको शेयरको अनुपातमा वा संचालक नियुक्ति गर्ने सम्बन्धमा कुनै संझौता भएको भए सो संझौताको अधिनमा रहि आफूले मनोनयन वा नियुक्त गर्न पाउने संचालक मनोनयन वा नियुक्त गर्न सक्नेछ ।

(२) यस कम्पनीमा सात देखि नौ जनासम्म सञ्चालक रहेको एक सञ्चालक समिति रहनेछ ।

(३) सञ्चालकहरुको कार्यकाल चार बर्ष हुनेछ ।

तर पहिलो पटक संचालक नियुक्त वा मनोनयन वा निर्वाचन गर्दा एकतिहाइ संचालक दुई बर्ष, एकतिहाइ संचालक तीन बर्ष र एकतिहाइ संचालक चार बर्षका लागि नियुक्त हुनेछन् र त्यस पछि मनोनयन वा नियुक्त वा निर्वाचन गर्दा मात्र पुरै ४ बर्षको कार्यकालका लागि मनोनयन वा नियुक्ती वा निर्वाचित गरिनेछ ।

(४) वार्षिक साधारण सभा हुनु भन्दा अगाबै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति सञ्चालक समितिद्वारा गर्न सकिनेछ । कुनै सञ्चालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त सञ्चालकको कार्यकाल रिक्त भएको सञ्चालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।
तर कुनै संगठित संस्थाबाट मनोनित वा नियुक्त भएको सञ्चालकको पद रिक्त भएमा सोही संस्थाले अर्को सञ्चालक मनोनयन वा नियुक्ति गर्न सक्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक मनोनयन वा नियुक्ति गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ।

९. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्ने :**
संचालक समितिको बैठक अध्यक्षसंग परामर्श गरी कम्पनी सचिवले बोलाउने छ। कम्पनी सचिव नभएको अवस्थामा अध्यक्षसंग परामर्श गरी कार्यकारी प्रमुखले संचालक समितिको बैठक बोलाउने छ।

१०. **सञ्चालक समितिको बैठक :**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लिखित पदाधिकारीले बोलाउने छ। कूल सञ्चालक संख्याको कम्तीमा २५ प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ। यसरी निजले पन्ध्र दिनभित्र बैठक नबोलाएमा सो कुरा खुलाई कार्यालयमा सञ्चालक समितिको बैठक बोलाउन निबेदन दिन सकिनेछ। यसरी प्राप्त भएको निबेदन उपर कार्यालयले छानविन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा कार्यालयले एकाउन्न प्रतिशत सञ्चालकको उपस्थितिमा बैठक बस्न अनुमती दिन सक्नेछ।

(२) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयंम उपस्थित हुनु पर्नेछ।

(३) सञ्चालकहरुको जम्मा संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन र संचालक समितिको बैठक वस्न कम्तिमा दुइ जना स्वतन्त्र संचालक अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ।

तर उक्त संख्यामा सञ्चालकहरु उपस्थित नभएको कारणले सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तिमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाइने छ र त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा सो बैठकमा दुइ जना स्वतन्त्र संचालक सहित जति सुकै संचालक उपस्थित भएमा पनि संचालक समितिको बैठक गर्न सकिने छ।

(४) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले संचालकको हैसियतले दिएको मतको अतिरिक्त निर्णयक मत समेत दिन सक्नेछ।

(६) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुको कम्तीमा साठी प्रतिशतले सही गर्नु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

११. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भए सो कुरा उल्लेख गर्ने :</u>

(१) कम्पनी संस्थापना भएको पहिलो छ बर्ष सम्म संचालक समितिको संरचना देहाय बमोजिम हुनेछ :–

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले मनोनयन वा नियुक्त गरेको संचालक | – एक जना |
| (ख) | काठमाण्डौं महानगरपालिकाले मनोनयन वा नियुक्त गरेको संचालक | – एक जना |
| (ग) | ललितपुर उप-महानगरपालिकाले मनोनयन वा नियुक्त गरेको संचालक | – एक जना |
| (ङ) | नेपाल चेम्बर अफ् कमर्सले मनोनयन वा नियुक्त गरेका संचालक | – एक जना |
| (च) | स्वतन्त्र संचालक | – तीन जना |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रबन्धपत्र बमोजिम सर्वसाधारणको लागि शेयर निश्काशन नभए सम्म कम्पनीमा दुइजना शेयरधनीले मनोनयन वा नियुक्त वा निर्वाचित गरेका स्वतन्त्र संचालक र एशियाली विकास बैंकले मनोनयन वा नियुक्त गरेको एक जना स्वतन्त्र संचालक रहनेछन् । कम्पनीले प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम भक्तपुर, किर्तिपुर तथा मध्यपुरथिमि नगरपालिका र सर्वसाधारणमा शेयर निस्कासन गरेपछि एक जना संचालक भक्तपुर, किर्तिपुर तथा मध्यपुरथिमि नगरपालिकाले संयुक्त रुपमा र एकजना सञ्चालक सर्वसाधारणबाट निर्वाचित हुनेछ। सर्वसाधारणमा शेयर निस्कासन भए पछि प्रचलित कानूनको अधिनमा रही कम्पनीमा दुई जना मात्र स्वतन्त्र संचालक राख्न वा आवश्यकता अनुसार संचालकको संख्या थपघट गर्न सकिनेछ ।

(३) कम्पनीको संचालन तथा व्यवस्थापनका लागि एशियाली विकास बैंकको ऋण सहयोग प्रत्यक्ष वा परोक्ष रुपमा प्राप्त हुने भएमा एक जना स्वतन्त्र संचालक एशियाली विकास बैंकले मनोनयन गर्न सक्नेछ र एसियाली विकास बैंकले त्यस्तो संचालक मनोनयन नगरेमा शेयरधनीहरुले संयुक्त रुपमा सहमत भई स्वतन्त्र संचालक नियुक्त गर्न सक्नेछन् ।

(४) नियम ८ को उपनियम (३) को प्रतिबधात्मक वाक्यंश बमोजिम पहिलो पटक संचालक मनोनयन वा नियुक्ति गर्दा, नेपाल सरकारबाट मनोनयन वा नियुक्त हुने एक जना र एक जना स्वतन्त्र संचालक समेत दुइजना संचालक दुइ बर्षको लागि, ललितपुर उप-महानगरपालिकाबाट मनोनयन वा नियुक्त हुने एक जना, नेपाल चेम्बर अफ कमर्सबाट मनोनयन वा नियुक्त हुने एक जना र स्वतन्त्र संचालक एक जना समेत तीन जना संचालक तीन बर्षको लागि र काठमाण्डौं महानगरपालिकाबाट मनोनयन वा नियुक्त हुने एक जना, एशियाली विकास बैंक बाट मनोनयन वा नियुक्त हुने एक जना र स्वतन्त्र संचालक एक जना समेत तीन जना संचालक चार बर्षको लागि मनोनयन वा नियुक्ति हुनेछन् । त्यसपछि मनोनयन वा नियुक्ति हुने संचालकको कार्यकाल चार वर्ष हुनेछ ।

(५) संचालक समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता तथा अनुभव भएको हुनु पर्नेछ :–

(क) संचालकमा पदमा मनोनयन वा नियुक्त हुने उमेदवारले व्यवस्थापन, बाणिज्य, वित्त, अर्थशास्त्र, वा इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधी हासिल गरेको वा सो सरहको व्यवसायीक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(ख) संचालकमा नियुक्त हुनको लागि उमेदवारले व्यवस्थापन, वित्त, इन्जिनियरिङ्ग वा कम्पनीको कृयाकलापसंग सम्बन्धित् सेवा संचालन क्षेत्रमा कम्तिमा ५ वर्षको व्यवहारिक अनुभव हासिल गरेको हुनु पर्ने छ ।

(ग) स्वतन्त्र संचालक हुनको लागि उमेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र, वा इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर वा सोसरहको योग्यता हासिल गरेको हुनु पर्नेछ र व्यवस्थापन, बाणिज्य, वित्त, अर्थशास्त्र, इन्जिनियरिङ्ग वा कम्पनीको कृयाकलापसंग सम्बन्धित् सेवा संचालन क्षेत्रमा दश बर्षको व्यवहारिक अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(६) संचालक समितिको प्रथम बैठक नभए सम्म संचालक समितिको गठन प्रकृयाको सहजकर्ताको रुपमा नेपाल सरकारबाट मनोनयन भएको संचालकले काम गर्नेछ र संचालक समितिको पहिलो बैठक निजले नै बोलाउने छ ।

(७) संस्थापकहरुद्वारा मनोनित संचालकहरुको बैठकबाट यथासंभव छिटो यस नियमावलीको प्रकृया पुरा गरी स्वतन्त्र संचालक नियुक्ती गर्नु पर्नेछ र त्यस्तो स्वतन्त्र संचालक नियुक्त नभई संचालक समितिले दैनिक काम कारवाही सम्बन्धमा बाहेक अरु विषयमा निर्णय गर्नेछैन ।

१२. साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था :

(१) साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नुपर्नेछ ।

(२) कम्पनीका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समय भित्र देखाउनु पर्नेछ। प्रतिलिपि आवश्यक परी शेयरधनीबाट माग भएमा प्रतिपृष्ठ रु. १०।- दस्तुर लिई कम्पनी सचिव वा कुनै सञ्चालकले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ।

१३. <u>सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :</u>

(१) यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा शेयर लिएको हुनु पर्ने छ।

(२) उपनियम् (१) बमोजिम सञ्चालक हुन कम्पनीको न्यूनतम १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ।

तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त ब्यवस्था लागु हुने छैन।

१४. <u>प्रोक्सी मत सम्बन्धी व्यवस्था :</u>

(१) कुनै शेयरधनी स्वयमं सभामा उपस्थित हुन नसकि प्रतिनिधि नियुक्त गर्नुपर्दा कम्पनीको शेयरधनी वा अन्य कुनै ब्यक्तिलाई रित पूर्वक प्रतिनिधिपत्र दिई प्रतिनिधि मुकरर गर्न सकिनेछ।

(२) एकभन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएको भएमा त्यस्ता साझेदारद्वारा नियुक्त व्यक्तिको र त्यसरी नियुक्त नगरेको भएमा शेयरधनीको दर्ता किताब जसको नाम पहिले लेखिएको छ, निज वा निजले मनोनयन गरेको प्रतिनिधिले सभामा भाग लिन पाउने छ।

(३) कम्पनीको शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्दा प्रचलित कानून बमोजिम करार गर्न योग्य ब्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्ने छ।

१५. <u>मतदान गर्ने अधिकार :</u>

(१) कम्पनी सम्वन्धी प्रचलित कानून वा शेयरधनीहरु बीच भएको संझौता र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ।

(२) अग्राधिकार शेयर बाहेक अन्य किसिमका शेयर जारी गर्ने व्यवस्था गरिएको छैन र अग्राधिकार शेयरका शेयरधनीलाई अग्राधिकार शेयर सम्बन्धमा गरिने निर्णयमा आफ्नो विचार राख्ने बाहेक अरु कुरामा मताधिकार हुने छैन।

१६. <u>शेयरधनी बाहेकको अन्य कुनै ब्यावसायिक ब्यक्तिलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकिया सम्बन्धि ब्यवस्था :</u>

(१) शेयरधनीले संचालक नियुक्ति गर्दा नियम १९ को उपनियम (५) मा तोकिए बमोजिम योग्यता पुगेको ब्यक्ति मात्र मनोनयन वा नियुक्ति गर्नु पर्ने ब्यवस्था गरिएको छ।

(२) सर्वसाधारणमा शेयर निश्कासन तथा बिक्रि भएपछि शेयरधनीले निर्वाचित गर्ने संचालक शेयरधनीमध्येबाट निर्वाचित हुनेछ र त्यस्तो संचालकको योग्यता कम्पनी सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

१७. स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता :

(१) कम्पनीमा तीनजना स्वतन्त्र संचालक रहनेछन् । स्वतन्त्र संचालक शेयरधनीहरुले मनोनयन वा निर्वाचनद्वारा नियुक्त गर्नेछन् । तर एशियाली विकास बैंकबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कम्पनीले ऋण प्राप्त गरेमा सो ऋण चुक्ता नभए सम्म एक जना स्वतन्त्र संचालक एशियाली विकास बैंकले नियुक्त गर्न सक्नेछ । र शेयर धनिहरुले दुईजना स्वतन्त्र संचालक नियुक्त गर्ने छन । एशियाली विकास बैंकले त्यसरी स्वतनत्र संचालक नियुक्त नगरेमा त्यस्तो स्वतन्त्र संचालक शेयरधनीले नै मनोनयन वा नियुक्त गर्नेछन् ।

(२) स्वतन्त्र संचालकको निमित्त उमेदवार सिफारिस गर्न कम्तिमा तीन जना सदस्य रहेको एक सिफारिस समिति गठन गरिनेछ । सिफारिस समितिले यस नियमावली र कम्पनी सम्बन्धी कानूनको अधिनमा रही योग्यता पुगेको उमेदवारबाट दरखास्त आव्हान गर्ने छ र प्राप्त दरखास्तमा आवश्यक छानविन गरी उपयुक्त उमेदवारको नाम सिफारिस गर्नेछ ।

(३) स्वतन्त्र संचालक हुन यस नियमावलिको नियम ११ को उपनियम (५) बमोजिम र कम्पनी सम्बन्धी कानून बमोजिम तोकिएको योग्योता पुगेको हुनु पर्ने छ ।

(४) स्वतन्त्र संचालकहरु लेखा परिक्षण समितिका सदस्य हुनेछन् र स्वतन्त्र संचालकले कम्पनी सम्बन्धी प्रचलित कानूनले लेखा परिक्षण समितिले गर्नु पर्ने भनी तोकिएका काम गर्नु पर्नेछ ।

(५) उपनियम (४) मा उल्लेख भएका कामको अतिरिक्त स्वतन्त्र संचालकले साधारण सभाद्वारा तोकिएका काम गर्नु पर्ने छ ।

(६) स्वतन्त्र संचालकले लेखा परिक्षण समितिको सदस्य भई काम गरेमा निजले संचालक समितिले तोकेबमोजिम बार्षिक पारिश्रमिक पाउनेछ ।

तर संचालक समितिमा वा लेखा परिक्षण समितिको बैठकमा भाग लिए वापत छुट्टै भत्ता पाउने छैनन् ।

(७) स्वतन्त्र संचालक कार्यकारी प्रमुख पदमा नियुक्त हुने छैन । संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक वा महाप्रबन्धक नियुक्त गर्न सक्नेछ ।

(८) कम्पनीको संचालक वा महाप्रबन्धक हुन आवश्यक योग्यता, प्रबन्ध संचालक वा महाप्रबन्धकको पदावधी, काम, कर्तव्य र अधिकार, सेवाका शर्त, सुविधा संचालक समितिले तोकेबमोजिम हुनेछ ।

१८. प्रबन्ध सञ्चालकको नियुक्ति :

(१) संचालक समितिले आवश्यक देखमा कम्पनीका स्वतन्त्र संचालक बाहेक अन्य संचालकहरु मध्यबाट एक जनालाई प्रबन्ध संचालक नियुक्त गर्न सक्नेछ।

(२) कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एशियाली विकास बैंकको ऋण प्राप्त गरेमा, त्यस्तो ऋण भुक्तानी नभए सम्म प्रबन्ध संचालक नियुक्त गर्दा एशियाली विकास बैंक सँग परामर्श गरेर मात्र नियुक्त गरिनेछ ।

१९. प्रबन्ध सञ्चालक रहने हो भने निजको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तब्य अधिकार :

(१) संचालक समितिले प्रबन्ध संचालक नियुक्ति गर्दा प्रबन्ध संचालकको काम, कर्तव्य र अधिकार तथा जिम्मेवारी, सेवाका शर्तहरु, पदावधी, पारिश्रमिक र सुविधा तथा सम्वद्ध कुरामा समेत निर्णय गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रबन्ध संचालक नियुक्त गर्दा कम्तीमा स्वतन्त्र संचालक पदमा नियुक्त हुन योग्यता पुगेको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ ।

(३) प्रबन्ध संचालक लेखा परिक्षण समितिको सदस्य हुन सक्ने छैन ।

(४) सामान्यतय महाप्रबन्धक नियुक्त नभएको अवस्थामा वा महाप्रवन्धकले कार्यकारी प्रमुखको रुपमा काम नगर्ने अवस्थामा मात्र प्रबन्ध संचालक नियुक्त गरिनेछ ।

(५) प्रबन्ध संचालक नियुक्त गरिएकोमा निजको काम, कर्तब्य र अधिकार, निजले पाउने पारिश्रमिक र सुविधा र सेवाका शर्त समेत तोकि करार गरिनेछ ।

२०. प्रबन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउने :

(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न महाप्रबन्धक नियुक्त गर्न सक्ने छ ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने महाप्रबन्धकको योग्यता, काम, कर्तब्य र अधिकार, निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरु संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) कम्पनीको दक्ष र प्रभावकारी व्यवस्थापनको निमित्त संचालक, समितिले वित्त प्रबन्धक र संचालन प्रबन्धक तथा आवश्यकता अनुसार अन्य प्रबन्धक वा व्यवस्थापक नियुक्त गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम नियुक्त हुने वित्त प्रबन्धक र संचालन प्रबन्धक तथा अन्य प्रबन्धक वा व्यवस्थापकको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक र सुविधा संचालक समितिले तोकिदंए बमोजिम हुनेछ ।

(५) यस नियम बमोजिम संचालक समितिले नियुक्त गर्ने महाप्रबन्धक, वित्त प्रबन्धक, संचालन प्रबन्धक तथा अन्य प्रबन्धकहरुलाई नियुक्त गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तहरु समेत तोकि करार गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कम्पनी संस्थापना भएको छ बर्ष सम्म संचालक समितिले ब्यवस्थापन करार गरी कम्पनीको ब्यवस्थापन र सो अन्तर्गत काम गर्ने महाप्रबन्धक, वित्त प्रबन्धक र संचालन प्रबन्धक नियुक्ति गर्ने ब्यवस्था गर्न सक्नेछ र त्यसरी ब्यवस्थापन करार गर्दा नेपाल सरकारको स्विकृति लिई विदेशी व्यक्ति, फर्म वा कम्पनीलाई ब्यवस्थापक नियुक्त गर्न सक्नेछ ।

२१. **सञ्चालक समितिको अधिकार र कर्तव्य खुलाउने :**

(१) कम्पनी सम्वन्धी कानून र अन्य प्रचलित कानून बमोजिम साधारण सभाले गनुपर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकार बाहेक कम्पनीलाई प्राप्त सम्पूर्ण अधिकारको प्रयोग र कर्तब्यको पालना संचालक समितिले गर्नेछ ।

(२) संचालक समितिले साधारण सभाको निर्णय, कम्पनी सम्वन्धी कानून र अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीको कारोवार एवं काम कारवाहीको संचालन, ब्यवस्थापन, सुपरिवेक्षण तथा नियन्त्रण गर्नेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कम्पनी दर्ता भएपछिको पहिलो ६ बर्षको अवधीका लागि कम्पनीले नेपाल सरकारको पूर्व स्विकृती लिई कम्पनीको ब्यवस्थापन सक्षम विदेशी संगठित संस्थालाई ब्यवस्थापन करार गरी जिम्मा दिनेछ ।

(४) उपनियम (३) बमोजिम कम्पनीको ब्यवस्थापन करारमा दिंदा संचालक समितिले महाप्रबन्धक, वित्तिय प्रबन्धक र संचालन प्रबन्धक नियुक्त गरी ब्यवसथपन गर्न आवश्यकता अनुसार अधिकार प्रदान गर्नेछ ।

२२. **शेयर लियन रहने कुरा :**

कम्पनी सम्बन्धी प्रचलित कानूनले तोकेको अवस्थामा कुनै शेयरधनीको नाममा दर्ता भएको शेयरमा कम्पनीको पहिलो लियन वा दावी रहनेछ ।

२३ **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण :**

(१) कम्पनीले साधारण शेयर तथा अग्राधिकार शेयर बाहेक अन्य वर्गको शेयर जारी गर्ने ब्यवस्था गरेको छैन ।

(२) अग्राधिकार शेयर सम्बन्धी व्यवस्था नियम २४ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्य :**

(१) प्रवन्धपत्रको दफा ६ तथा यस नियमावली वमोजिम अग्राधिकार शेयर जारी गर्दा देहायको व्यवस्था गरिने छ :–

(क) अग्राधिकार शेयरमा दिनु पर्ने सम्पूर्ण लाभांस चुक्ता गरेपछि मात्र साधारण शेयरमा लाभांस वितरण गरिनेछ ।

(ख) अग्राधिकार शेयरमा साधारण सभाले अन्यथा निर्णय गरेकोमा बाहेक बार्षिक ४% (चार प्रतिशत) का दरले लाभांस दिइनेछ ।

(ग) अग्राधिकार शेयरमा दिनु पर्ने लाभांस कुनै बर्ष पुरा वा आंशिक रुपमा दिन नसकिएमा त्यस्तो लभांस जोड्दै लगिने (क्यूमुलेटिभ) छ ।

(घ) कुनै कारणले कम्पनी खारेज भएमा अग्राधिकार शेयरको रकम साधारण शेयर भन्दा पहिला फिर्ता भुक्तानी गरिनेछ । अर्थात शेयरको रकम फिर्ता गर्दा साधारण शेयर भन्दा पहिला अग्राधिकार शेयरले प्रथामिकता पाउने छ ।

(ङ) अग्राधिकार शेयर लिने शेयरधनीलाई साधारण सभामा मताधिकार हुने छैन ।

(च) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भएता पनि अग्राधिकार शयेर सम्बन्धमा कुनै विशेष निर्णय गरिने भएमा सो विषयमा साधारण सभामा उपस्थित हुने र आफ्नो कुरा राख्ने अधिकार अग्राधिकार शेयरका शेयरधनीलाई हुनेछ ।

(छ) कम्पनी स्थापना भएको दश बर्षसम्म पनि अग्राधिकार शेयरको रकम फिर्ता भुक्तानी (विमोचन) हुन नसकेमा त्यस्ता अग्राधिकार शेयर र सो मा दिन बाँकी लाभांस रकमलाई साधारण शेयरमा परिणत गर्न सकिनेछ ।

(ज) कम्पनीले कम्पनी स्थापना भएको छ बर्ष ब्यतित भए पछि दश बर्ष सम्म अग्राधिकार शेयर वापतको रकम फिर्ता भुक्तानी गर्न (विमोचन) सक्नेछ ।

(झ) अग्राधिकार शेयर वापतको रकम फिर्ता भुक्तानी गर्दा सो मा दिन बाँकी लाभांस समेत फिर्ता भुक्तानी दिइनेछ, । तर कुनै प्रिमियम थप गरी दिइने छैन ।

(ञ) अग्राधिकार शेयरलाई साधारण साधारण शेयरमा परिणत गर्दा एक अग्राधिकार शेयर वापत एक साधारण शेयरमा परिणत गरिनेछ ।

(२) अग्राधिकार शेयर सम्बन्धी अन्य व्यवस्था कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

२५. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था :

(१) कम्पनीको आवश्यकतानुसार कम्पनीले शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ।

(२) शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य व्यवस्था कम्पनी सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ।

२६. शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) कम्पनीको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिला खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर, शेयर खरीद बिक्रीसंग सम्बन्धित् लिखत र शेयरको प्रमाणपत्र सहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निबेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निबेदन परेमा कम्पनीले प्रवन्धपत्रको दफा ७ को अधिनमा रही दर्ता कितावमा साविक शेयरवालाको नाम खारेज गरी हालको शेयरवालाको नाम दर्ता गर्नेछ।

२७. शेयर पूँजी थपघट :

शेयर पूँजी थपघट गर्ने व्यवस्था कम्पनी सम्बन्धी प्रचलित कानूनमा उल्लिखित प्रावधान अनुरुप हुनेछ।

२८. कम्पनीले आफ्नो शेयर आफैं खरीद गर्ने कुरा र खरीद गर्दाको शर्त र प्रकिया :

(१) कम्पनीले आफ्नो शेयर आफैंले खरीद गर्न सक्ने छैन।

(२) कम्पनीले आफ्नो शेयर आफैं खरीद गर्नु पर्ने अवस्था परेमा कम्पनी कानूनको अधिनमा रही साधारण सभा र सम्बन्धित् कार्यालयको स्विकृति लिई आफ्नो शेयर आफैं खरीद गर्नेछ।

२९. विभिन्न वर्गका शेयर जारी गर्ने भए सो कुरा :

साधारण शेयर र अग्राधिकार शेयर बाहेक अन्य वर्गका शेयर जारी गर्ने व्यवस्था गरिएको छैन।

३०. विभिन्न वर्गका शेयर जरी गर्ने भए त्यस्ता शेयरधनीहरुको विशेष अधिकार र सुवधा :

साधारण र अग्राधिकार शेयर बाहेक अन्य वर्गको शेयर जारी गर्ने व्यवस्था नभएकोले विशेष अधिकार र सुविधाको व्यवस्था गरिएको छैन।

३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम, पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले आफै तोक्न सक्नेछ ।
तर एक पटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा साधारण सभा नबसेसम्मका लागि परिवर्तन गर्न सकिने छैन ।

३२. आफ्नो कारोवारमा छाप प्रयोग गर्ने भए कम्पनीको छापको प्रयोग :

(१) कम्पनीको छाप कार्यकारी प्रमुखको जिम्मामा रहने छ र निजले आफ्नो जिम्मेवारीमा कम्पनीको कुनै अधिकृत कर्मचारीको जिम्ममा राख्ने व्यवस्था गर्न सक्नेछ ।

(२) कम्पनीको छाप अनाधिकृत रुपमा प्रयोग गरी कम्पनीलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना भएको रकम असुल उपर गरिनेछ ।

३३. कम्पनीको लेखा, हिसावकिताव र लेखा परिक्षण :

(१) यस कम्पनीको हिसाव किताव र लेखा कम्पनी सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने हिसाव कितावको प्रतिवेदन स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) कम्पनीले आफ्नो सम्पूर्ण आर्थिक कारोवार कुनै बैंक वा वित्तिय संस्थामा खाता खोली सञ्चालन गर्नु पर्नेछ ।
तर बीस हजार रुपैयासम्म नगद बुझिलिंदा वा भुक्तानी दिनु पर्दा कम्पनीको सानो नगदी कोषबाट लिन वा दिन सकिने छ ।

(४) यस कम्पनीले आफ्नो हिसाव किताव लेखा परिक्षण गराउने छ ।

(५) यस कम्पनीको साधारण सभाले प्रचलित कानून बमोजिम इजाजत प्राप्त तथा कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम अयोग्य नभएका लेखापरीक्षकहरु मध्येबाट लेखा परिक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखा परीक्षक नियुक्त गर्नेछ ।

(६) उपनियम (५) बमोजिम नियुक्त लेखा परीक्षकले कम्पनी सम्वन्धी प्रचलित कानूनमा व्यवस्था भए अनुरुप आफूले लेखा परिक्षण गरेको हिसाव किताव र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानी हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरवाला र कार्यालयलाई पठाईनेछ ।

(७) कम्पनीको अद्यावधिक हिसाब किताब कुनै शेयरवालाले हेर्न चाहेमा यथाशिघ्र हेर्न दिनु पर्नेछ ।

३४. <u>लेखा परिक्षण समिति सम्बन्धी व्यवस्था :</u>

(१) कम्पनीको आर्थिक काम कारवाहीको नियमन गर्न एक लेखा परीक्षण समिति गठन गरिनेछ ।

(२) लेखा परीक्षण समितिमा तीन जना संचालक रहनेछन् ।

(३) लेखा परिक्षण समितिको सदस्य हुने संचालकको योग्यता यस नियमावलि र प्रचलित कम्पनी सम्वन्धी प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(४) लेखा परिक्षण समितिमा कम्तीमा दुई जना स्वतन्त्र संचालक रहनेछन् ।

(५) लेखा परिक्षण समितिले एक जना संचालकलाई अध्यक्ष छान्नेछ ।

(६) लेखा परिक्षण समितिको अध्यक्ष हुन लेखा, वाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा स्नातक भई वित्तिय क्षेत्रमा काम गरी अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(७) एशियाली विकास बैंकले सञ्चालक नियुक्त गरेको अवस्थामा त्यस्तो संचालक नै लेखा परिक्षण समितिको अध्यक्ष हुनेछ ।

(८) कम्पनी सचिवले लेखा परिक्षण समितिको सचिवको काम गर्नेछ ।

(९) दुइ जना सदस्य उपस्थित भएमा लेखा परिक्षण समितिको बैठक बस्न सक्नेछ ।

(१०) लेखा परिक्षण समितिको काम, कर्तब्य, अधिकार कम्पनी सम्बन्धी प्रचलित कानूनको अधिनमा रही संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

३५. <u>ऋण वा डिवेन्चर सम्बन्धी व्यवस्था :</u>

(१) कम्पनीको जारी पूँजी मध्य संस्थापकले लिन कबुल गरेको शेयरको मुल्य पुरा चुक्ता नभए सम्म कम्पनीले ऋण वा डिवेन्चर उठाउने छैन ।

(२) कम्पनीले डिवेन्चर ट्रष्टी नियुक्ति गर्दा कुनै कम्पनीलाई नियुक्त गर्नु पर्नेछ ।

(३) कम्पनीले ऋण लिने वा डिवेन्चर जारी गर्ने सम्बन्धी अन्य कुरा कम्पनी सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

३६. <u>कम्पनी गाभिने कुरा :</u>

यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा यस कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी सम्बन्धी प्रचलित कानूनले तोकिदिए बमोजिमको प्रकिया पूरा गरी अन्य कम्पनीलाई गाभ्न वा अन्य कम्पनीमा गाभिन सकिनेछ ।

३७. **<u>लाभांस सम्बन्धी व्यवस्था :</u>**

(१) लाभांस वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांस वितरण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाभांस वितरण नगरेमा वार्षिक दश प्रतिशतको दरले लाभांसमा ब्याज समेत दिनु पर्नेछ ।

(३) कम्पनीको चुक्ता पूँजीको बढीमा दश प्रतिशत सम्म अन्तरिम लाभांस वितरण गर्न सकिनेछ ।

(४) अन्तरिम लाभांस वितरण गर्दा कम्पनी सम्वन्धी प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांस रोक्का राख्न सकिनेछ ।

३८. **<u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउन पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :</u>** छैन ।

३९. **<u>शेयर तथा डिवेन्चर दर्ता कितावको निरिक्षण :</u>**

(१) कम्पनीको शेयरधनी तथा डिवेन्चरधनीले शेयर वा डिवेन्चर दर्ता किताव निरिक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनुपर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्न सक्नेछ ।

(२) कसैले शेयरधनीको दर्ता कितावको प्रतिलिपि लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रति पृष्ठ रु. ५।- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।

४०. <u>कम्पनी सचिव सम्बन्धी व्यवस्था :</u>

(१) कम्पनी सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम योग्यता पुगेको व्यक्तिलाई कम्पनी सचिव पदमा नियुक्त गरिनेछ ।

(२) कम्पनी सचिवको पदावधी ५ वर्ष हुनेछ र निजलाई पुन नियुक्ति गर्न सकिनेछ ।

(३) कम्पनी सचिवको पारिश्रमिक र सेवाको शर्त संचालक समितिले तोके बमोजिम हुनेछ।

(४) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार कम्पनी सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(५) उप-नियम (४) मा उल्लेख भएका काम, कर्तव्यको अतिरिक्त कम्नी सचिवले लेखा परिक्षण समितिको सचिव र कम्पनीको करार पालना शाखाको प्रमुखको रुपमा समेत काम गर्नेछ ।

(६) कम्पनी सचिवको अन्य काम, कर्तव्य सञ्चालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

४१. <u>अन्य आवश्यक कुराहरु :</u>

(१) कम्पनीका संचालक समितिले निर्धारण गरे बमोजिम कर्मचारी, विशेषज्ञ तथा सल्लहकारहरु रहने छ ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने कर्मचारी, विशेषज्ञ तथा सल्लाहकारको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(३) उप नियम (१) वा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि कम्पनीको प्रवन्धपत्र तथा प्रचलित कानूनको अधिनमा रही नेपाल खानेपानी संस्थानले संचालक तथा व्यवस्थापन गरेको खानेपानी तथा सरसफाई सेवा सम्बन्धी संरचना र मेलम्ची खानेपानी आयोजना अन्तरगत निर्मित संरचनाहरु कम्पनीले जिम्मा लिई संचालन तथा व्यवस्थापन गर्ने भएमा कम्पनीको विनियमावली अधिनमा रही उक्त संरचनाको संचालन र व्यवस्थापन संग सम्बन्धी नेपाल खानेपानी संस्थान र मेलम्ची खानेपानी आयोजना कर्मचारीहरु कम्पनीमा सारी लिन सकिनेछ ।

(४) यस नियमावलीमा नपरेका अन्य कुराहरु कम्पनी सम्बन्धी प्रचलित कानून र अन्य प्रचलित कानून बमोजिम हुने छ ।

४२. <u>कम्पनीको खारेजी :</u>

(१) कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटर तथा लेखा परिक्षकको नियुक्ति गर्नेछ र त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४३. <u>नियमावली बाझिएको हदसम्म निष्क्रय हुने :</u>

यस नियमावलीका प्रावधानहरु कम्पनी सम्बन्धी प्रचलित कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा त्यस्ता प्रावधानहरु बाझिएको हदसम्म निष्कृय हुनेछन् ।

४४. <u>नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था :</u>

यस नियमावलीमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

४५. <u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :</u>

हामी "काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड"का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहीछाप गरेका छौं :

| संस्थाको नाम, ठेगाना र सही छाप | बाबुको नाम | बाजेको नाम | लिन कबूल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सही छाप |
|---|---|---|---|---|
| दस्तखत :<br>नाम : नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय<br>ठेगाना : सिंहदरबार, काठमाडौं<br>सम्पर्क फोन नं. : ४२११०७१<br>फ्याक्स :<br>इमेल :<br>पो.ब.नं.<br>सहि/छाप : | | | १०,००० | दस्तखत :<br>नाम : प्रमिला आचार्य<br>ठेगाना : भौतिक योजना तथा निर्माण मन्त्रालय |
| दस्तखत :<br>नाम : काठमाण्डौं महानगरपालिका<br>ठेगाना : का.म.पा. बागदरबार<br>सम्पर्क फोन नं. : ४२३१४८१<br>फ्याक्स : ४२६८२०५<br>इमेल :<br>पो.ब.नं. ...१६<br>सहि/छाप : | | | १०,००० | दस्तखत :<br>नाम : [illegible] चौगाई<br>ठेगाना : |

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत :<br>नाम : ललितपुर उप-महानगरपालिका<br>ठेगाना : पुल्चोक ललितपुर<br>सम्पर्क फोन नं. : ५५२१२५६३<br>फ्याक्स : ५५२५४९६।<br>इमेल :<br>पो.व.नं.<br>सहि/छाप : | | | ३०,००० | दस्तखत :<br>नाम :<br>ठेगाना : | |
| दस्तखत :<br>नाम : नेपाल उद्योग वाणिज्य महासंघ<br>ठेगाना :<br>सम्पर्क फोन नं. :<br>फ्याक्स :<br>इमेल :<br>पो.व.नं.<br>सहि/छाप : | | | ९,००० | दस्तखत :<br>नाम : किशोर प्रधान<br>ठेगाना : | |
| दस्तखत :<br>नाम : भक्तपुर उद्योग वाणिज्य संघ<br>ठेगाना :<br>सम्पर्क फोन नं. :<br>फ्याक्स :<br>इमेल :<br>पो.व.नं.<br>सहि/छाप : | | | ४,५०० | दस्तखत :<br>नाम :<br>ठेगाना : | |
| दस्तखत :<br>नाम : ललितपुर उद्योग वाणिज्य संघ<br>ठेगाना : ललितपुर, महालक्ष्मीस्थान<br>सम्पर्क फोन नं. : 5530663<br>फ्याक्स : 5530661<br>इमेल : lcci@...com.np<br>पो.व.नं.<br>सहि/छाप : | | | ४,५०० | दस्तखत :<br>नाम : नरेश मुनाकर्मी<br>ठेगाना : | |

४. नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट

नाम :

दस्तखत :

दर्जा :

५. भक्तपुर उद्योग वाणिज्य संघको तर्फबाट

नाम :

दस्तखत :

दर्जा :

६ ललितपुर उद्योग वाणिज्य संघको तर्फबाट

नाम : उमेश लाल अमात्य

दस्तखत :

दर्जा : अध्यक्ष

७. नेपाल चेम्बर अफ कमर्सको तर्फबाट

नाम : सुरेश कुमार बस्नेत

दस्तखत :

दर्जा :

सहायक रजिष्ट्रार

यस नियमावलीमा लेखिएका कुराहरु कम्पनी ऐन २०६३ लगायत अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र उक्त नियमावलीमा नपरेका कुराहरुको हकमा कम्पनी ऐन बमोजिम हुनेछ।